# चुमनुव्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः २ मितिः २०७६/०३/१६

## भाग-२

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७६

**चुमनुव्री गाउँपालिका**
**सिर्दिबास, गोरखा**
**गण्डकी प्रदेश**

# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७६

**१) परिचय :** ज्येष्ठ नागरिकलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रदन आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवक् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानत्रो अनुसुची -८ को क्र.स. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७६ जारी गरिएको छ ।

**२) परिचय पत्र वितरणका आधार :** नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिसम्वन्धी नियमावली २०६५, को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय वितरणको आधार हुनेछन् ।

**३) उद्देश्य :**

क) जेष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै जेष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त जेष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र जेष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा , सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित , नियमानुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा , न्याय , अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागी गराउने ।

**४) लक्षित वर्ग :**

जेष्ठ नागरिक सम्वन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिहरु ।

**५) ज्येष्ठ नागरिकको वर्गिकरण :** जेष्ठ नागरिक सम्वन्धी नियमावली २०६५, को नियम १४ को उपनियम (१) बमोजिम जेष्ठ नागरिकहरुकको वर्गीकरण देहायबमोजिम गरिएको छ :

क) सत्तरी वर्ष उमेर पुरा नगरेका जेष्ठ नागरिक,
ख) सत्तरी वर्ष उमेर पुरा गरको वरिष्ठ जेष्ठ नागरिक,
ग) असहाय जेष्ठ नागरिक,
घ) अशक्त जेष्ठ नागरिक,
ङ) एकल जेष्ठ नागरिक ।

**६) परिचय-पत्र वितरणका मापदण्ड :** ज्येष्ठ नागरिक सम्वन्धि नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७) ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा :** ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**८) परिचय-पत्र वितरण प्रक्रिया :** (क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गा.पा.को कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

**९) विविधः** (क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधीनमा रहि कार्यकारी प्रमुखले निर्णय बमोजिम हुनेछ ।

# अनुसूची १
# ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा
# चुमनुब्री गाउँपालिका
# सिर्दिबास, गोरखा

## ज्येष्ठ नागरिक परिचय-पत्र

प.प.नं.:-

नाम थरः...........................................

ना.प्र.नं.:.............................................

ठेगानाः जिल्ला.........................गा.पा :..........................................

वडा नं.......................टोल/गाउँः................................

उमेर.............लिङ्गः..................................

उपलब्ध छुट तथा सुविधाहरु :.......................................................

पति/पत्नीको नाम :....................................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :..........................................................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं.:...................................................................

.................................................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधीको नाम

...................................................................................

**प्रमाणित गर्ने अधिकृतको :-**

**दस्तखत :**

**नाम थर :**

**पद :**

**कार्यालय :**

आज्ञाले

भिमसेन श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत